लागूऔषधरहित परिवार: स्वस्थ जीवनको आधार

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनत: दण्डनीय छ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलाऔं, अरुलाई पनि लाग्न नदिऔं।
- स्वस्थ र सुखीपरिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ पुस १० गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 December 25 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ११७

## नेपाल जेसीजको अध्यक्षमा विकाश मानन्धर विजयी

प्रस, वीरगंज, ९ पुस/

नेपाल जेसीजको ४९औं अधिवेशनमा अध्यक्ष, कार्यकारिणी उपाध्यक्ष र उपाध्यक्ष गरी १७ पदको लागि शनिवार मतदान भएको छ।



तस्वीर: प्रतीक

४९औं अधिवेशनमा अध्यक्ष पदको लागि पाँचजना उम्मेदवार रहेकामा एकजना उम्मेदवार अनिलबहादुर शाही ककस कार्यक्रममा अनुपस्थित भएकाले उनको उम्मेदवारी रद्द भयो भने निर्वाचनबाट विकाश मानन्धर विजयी भएका छन्। मानन्धरले ५९५ मत पाए भने उनका निकटम प्रतिद्वन्द्वी रविन पोखरेलले २९७ मत ल्याएका थिए। मानन्धरले आफ्ना तीनजना प्रतिद्वन्द्वी रवि पोखरेल, सुमन श्रेष्ठ र दीपेन्द्र निरौलालाई पछाडि पार्दै विजयी भएका हुन्।

यस्तै, एक हजार २५० मतदाता रहेको नेपाल जेसीजको कार्यकारिणी उपाध्यक्षमा चार पदको लागि नौजना उम्मेदवार रहेकामा जीवनबहादुर कार्की, कुमार सिंह सान्वा लिम्बु, रजनी थापा र रश्मी बस्नेत विजयी भए भने अन्य उम्मेदवारहरू महेशचन्द्र ओझा, समप्रसाद पाण्डे, सुजन बरुवाल, कञ्चन झा, सन्दीप अग्रहरी पराजित भए।

यसैगरी, १२ जना उपाध्यक्षको लागि १९ जना प्रतिस्पर्धामा रहेकामा भीमबहादुर कुँवर, वीरबहादुर भगत, सरोज अधिकारी, गुरुदेव पौडेल, राजाराम गौतम, अनुप सुनुवार, तेजप्रसाद उप्रेती, चिरञ्जीवी शर्मा, चन्द्रमणि भुसाल, सोनु श्रेष्ठ, राधिका भुसाल र स्वस्तिका आचार्य विजयी भए भने प्रदीप फुयाँल, सन्तोष माजाकोटि, सोनितराज ढुङ्गेल, दीपेन्द्र भट्टराई, हर्कबहादुर कडायत, केशवराज केसी र विपिन चौधरी पराजित भए।

४९औं महाधिवेशनको लागि एक अध्यक्ष, चार कार्यकारिणी उपाध्यक्ष र १२ उपाध्यक्ष गरी १७ पदको लागि शनिवार मतदान भएको थियो र परिणाम पनि शनिवार राति नै सार्वजनिक भएको अधिवेशन कोषाध्यक्ष सन्तोष खनालले बताए।

## तस्करहरूबीच मनमुटाव

प्रस, वीरगंज, ९ पुस/

पर्साका सीमामा हुने अवैध क्रियाकलापमा संलग्न व्यक्तिहरू अहिले एकअर्काबीच खनिएपछि सीमामा तनाव बढ्दो छ।



भारतबाट साइकल र मोटरसाइकलमा नेपालतर्फ तस्करी गरि सामान ल्याउँदै। तस्वीर: फाइल

सीमा सुरक्षामा खटेका प्रहरीले अवैध काम गराउँदा भेदभाव गरेको भन्दै सो काममा संलग्न व्यक्तिहरू आफैंमा लड्न थालेपछि सीमामा तनाव बढ्दै गएको हो।

केही दिनअगाडि भिस्वामा दुई देशका जनताबीच झडप हुँदा केही व्यक्तिहरू सामान्य घाइते भएका थिए।

तस्करीको माध्यमबाट सामान वारिपारि गर्ने कार्यमा सुरक्षाकर्मीले काखापाखा गरेपछि भिस्वामा विवाद भएको थियो।

त्यस्तै, पुस ७ गते शुक्रवार बिहान २ बजे सीमा क्षेत्रको गाउँ अमरपट्टिमा अवैध काम गर्नेहरूबीच ठूलो लडाइँ हुनबाट जोगिएको स्थानीयले जानकारी दिएका छन्।

सुरक्षाकर्मीहरूबीचको आपसी समझदारीमा सो विवाद राति नै साम्य भएको थियो।

भारतबाट ठूलो परिमाणमा इलेक्ट्रोनिक्स सामानसहित तस्कर अमरपट्टि नाकाबाट नेपाल प्रवेश गर्न थालेपछि सोही कार्यमा संलग्न अन्य व्यक्तिहरूले १० वटा भारतीय मोटरसाइकलसहित सामान बरामद गरी सशस्त्र प्रहरीको जिम्मा लगाएको थियो।

चामल ल्याउन नदिन रातिको बेला भारी मात्रामा अवैध तरीकाले सामान नेपाल भित्र्याउन नाकामा अवरोध गरिएपछि बाध्य भएर प्रहरीले सो सामान नियन्त्रणमा लिनुपरेको थियो।

स्थानीयसँग कुरो मिलाउन प्रहरी र तस्करबीच शनिवार बैठक भएको स्रोतले जनाएको छ।

केही दिनअगाडि रानीघाटका चारवटा गोदाममा छापामारी गरेर सशस्त्र प्रहरीले १४ सय बोराभन्दा बढी चामललगायत खाद्यान्न नियन्त्रणमा लिएको थियो। यो घटनाबाट केही व्यक्तिको दैनिकी खोसिएको भन्दै सीमामा वारिपारि गर्ने तस्करहरूले हल्ला मचाएका थिए।

## प्रदेशसभा सदस्य शर्मालाई सम्मान

प्रस, वीरगंज, ९ पुस/

मधेस प्रदेशसभा सदस्यमा निर्वाचित बिनादेवी शर्मालाई शनिवार वीरगंजमा स्वागत तथा सम्मान गरिएको छ। नेकपा एमालेको जनवर्गीय सङ्गठन अखिल नेपाल महिला सङ्घ पर्साले शर्मालाई सम्मान गरेको हो।

प्रदेशसभा सदस्य पदमा समानुपातिक कोटाबाट शर्मा निर्वाचित भएकी हुन्। पर्सा जिल्लाबाट प्रदेशसभामा एकजना मात्रै निर्वाचित हुन सफल शर्मा वीरगंज–६ का स्थायी बासिन्दा हुन्।

यसअघि भूमिसम्बन्धी समस्या समाधान आयोग पर्साको अध्यक्षको जिम्मेवारी सम्हालिसकेकी शर्मा एमाले प्रदेश कमिटीका सदस्य र वर्गीय सङ्गठन अनेमसङ्घका केन्द्रीय सदस्य हुन्।

अनेमसङ्घले वीरगंजमा आयोजना गरेको कार्यक्रममा प्रदेशसभा सदस्य शर्माले कुनै पनि विषयमा सर्वसाधारणको भावनालाई समेटेर नागरिक समाजका अगुवा एवं जिल्लास्थित विज्ञहरूसँग छलफल तथा परामर्श गरेर मात्रै अगाडि बढने बताइन्।

## बारा हत्याकाण्ड: मर्ने मार्ने दुवै अपराधी

प्रस, वीरगंज, ९ पुस/

बारा जिल्ला महागढीमाई नगरपालिकाको भुतहा पुलनजीक हिजो साँझ ६ बजे भारतीय नागरिकलाई गोली मारेर हत्या गरिएको घटना रहस्यमय बन्दैछ।

भारत बिहार, पूर्वी चम्पारण, छौडादानो निवासी शिवपूजन यादवलाई दुईवटा मोटरसाइकलमा आएका व्यक्तिहरूले गोली हानी हत्या गरेका थिए। घटनामा संलग्न एकजना भारतीय नागरिकलाई बारा प्रहरीले पक्राउ गरेको प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले बताए। उनले पक्राउ परेका भारतीय नागरिक दर्जनौं आपराधिक घटनामा संलग्न रहेको पाइएको जानकारी गराए।

गोली हानेर हत्या गरिएका भारतीय नागरिक यादव भारत सरकारले प्रतिबन्ध लगाएको नक्सलीवादीका ठूलो नेता रहेको प्रहरी उपरीक्षक बोगटीले आशङ्का व्यक्त गरे। उनले आफूलाई पाएको सूचना अनुसार मृतक यादव छौडादानोका उपमुखियाका पति रमेश यादव हत्याकाण्डका मुख्य योजनाकार रहेको बताए।

प्रहरी उपरीक्षक बोगटीले छौडादानो बजारको जनता चोक निवासी रमेश यादवलाई गत चैत १९ राति घर घेराहाली केही समूहले गोली हानी हत्या गरेको थियो। उनलाई राजनीतिक प्रतिशोधका कारण घेरा हालेर हत्या गरिएको र सो कार्यमा शिवपूजन यादवको संलग्नता रहेको रक्सौलका एकजना पत्रकारले बताए। सो घटनापछि शिवपूजन नेपालमा लुकीछिपी बसिरहेको र सोको सूचना पाएपछि हत्या भएका रमेश यादवका मानिसहरूले शिवपूजनलाई नेपालमा योजना बनाएर हिजो हत्या गरेको स्रोतको दाबी छ। हिजो मारिएका शिवपूजनको नाममा भारतीय थानाहरूमा लुटपाट, हातहतियार, डकैती, सम्पत्ति कब्जालगायतका उजूरी दर्ता छन्।

सूचना चुहिने र अपराधीहरू सचेत हुने भनेर बारा प्रहरीले हिजोको हत्याकाण्डमा पक्राउ परेका भारतीय नागरिकको पहिचान खोलाएको छैन। प्रहरी उपरीक्षक बोगटीले अनुसन्धान सकिएपछि पक्राउ परेका व्यक्तिलाई सार्वजनिक गरिने बताए। उनले पक्राउ परेका व्यक्तिविरुद्ध कर्तव्य ज्यानमा कारबाही हुने बताए।

## नौजना महिलासहित १७१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ९ पुस/

पर्सा जिल्लाका तीन र बारा जिल्लाको एक स्थान गरी शनिवार चार स्थानमा भएको रक्तदान कार्यक्रममा नौजना महिलासहित १७१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।





पर्सा जिल्लाको वीरगंज–११ श्रीपुरमा समाज परिवर्तन नेपालले आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित २३ जनाले रक्तदान गरेका थिए।

यसैगरी, रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसको आयोजनामा भएको रक्तदान कार्यक्रममा दुईजना महिलासहित पचासजनाले रक्तदान गरेका थिए। कुसुम गुप्ता, प्रमोद चौधरी, चन्दन सिंह, विमल अग्रवाल, प्रभाकर झा, राजीव साह, चन्दन ठाकुरलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए।

यसैगरी, वीरगंज महानगरको रामगढवामा ब्रह्मबाबा टोल समितिले आयोजना गरेको रक्तदान कार्यक्रममा तीनजना महिलासहित ६१ जनाले रक्तदान गरेका थिए।

अनीता देवी, तारादेवी कानू, विक्की महतो, श्रीराम प्रसाद, रमेश पटेल, राजेशसाह तुराहालगायतले रक्तदान गरेका थिए।

यसैगरी, बाराको महागढीमाई नगरपालिकाको बरियारपुरमा गढीमाई युवा सोसाइटीले आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ३७ जनाले रक्तदान गरेका थिए।

धमेन्द्र गुप्ता, सन्दीप ठाकुर, अशोक साह, रामाकान्त यादव, गुड्डु आलम, भानु थापालगायतले रक्तदान गरेको केन्द्रका राजन श्रीवास्तवले बताए।

## सिम्रौनगढका कर्मचारी पुन: आन्दोलनमा

प्रस, सिम्रौनगढ, ९ पुस/

बाराको सिम्रौनगढमा कर्मचारीहरूले पुन: आन्दोलन शुरू गरेका छन्। आन्दोलनका कार्यक्रम अन्तर्गत नगरका पदाधिकारीहरूलाई ज्ञापनपत्र बुझाइएको छ। करार, अस्थायी, ज्यालादारी कर्मचारी सङ्घ सिम्रौनगढले शनिवार ज्ञापनपत्र बुझाएको छ।

सङ्घ बाराका अध्यक्ष नितेशप्रसाद यादव नेतृत्वको कर्मचारी अगुवा टोलीले नगरप्रमुख किशोरीप्रसाद कलवार, उपप्रमुख नजमु शेहर र सुशासन समिति अध्यक्ष रामएकबालप्रसाद यादवलाई उनीहरूको निवासमैं भेटेर ज्ञापनपत्र बुझाएको छ।



तस्वीर: प्रतीक

करार र ज्यालादारीका कर्मचारीहरूको नीतिगत निर्णय गरी म्याद थप गर्नलाई ज्ञापनपत्र बुझाएको सङ्घका जिल्ला अध्यक्ष नितेश प्रसादले बताए। यसअघि नगरपालिका अध्यक्ष यादवले पालिकाको निर्णयविना नै सूचना जारी गरी अघिल्लो कार्यकालमा भर्ना भएका करार र ज्यालादार कर्मचारीहरू हटाइएको जानकारी दिएका थिए।

उक्त निर्णय व्यक्तिगत, स्वच्छचारी, हकुमी शैली र कार्यपालिकाको भावना विपरीत रहेकाले फिर्ता लिन सङ्घले माग गरेको छ। यसरी बर्खास्त हुनेमा साबिक गाविस, नगरपालिका र नेपाल सरकारका अन्य निकायबाट विभिन्न पदमा नियुक्त भई आएका र नगरपालिकाबाट तोकिएको जिम्मेवारी पुरा गरिरहेका कर्मचारीहरू पनि छन्। उनीहरूलाई बितेको असोज महीनासम्मको तलब भुक्तानी गरी नगरप्रमुखले कामबाट हटाएको सूचना जारी गरिएको थियो।

यसरी सूचना जारी भएपछि पनि कर्मचारीहरू आफ्नो क्षेत्रमा काम गरिरहेका छन्। कात्तिक १ गतेदेखि करार, अस्थायी, ज्यालादार कर्मचारीहरूको म्याद थप भएको छैन। उक्त सूचनापछि कर्मचारी सङ्घले नगरपालिकाको मुलगेटमा तालाबन्दी गरेको थियो। लगातार २३ औं दिनसम्म तालाबन्दी रहेपछि जिल्ला प्रशासन कार्यालय बाराको रोहबरमा बसेको बैठकले समस्या समाधानका लागि सुशासन समिति गठन गरेको थियो। उक्त समितिले १५ दिन भित्रमा नगरपालिमा प्रतिवेदन पेश गर्ने र सोही आधारमा कर्मचारीबारे निर्णय गरिने सहमति भएपछि ताला खुलेको थियो।

समिति गठन भएको २० दिन बितिसक्दा पनि कुनै निर्णय नभएपछि कर्मचारीहरू पुन: आन्दोलित भएका हुन्।

## विचारसार र सूक्तिहरू

**ईश्वरमाथि श्रद्धा राख्नाले भय स्वतः टाढा हुन्छ । श्रद्धा र भय दुवै परस्पर विरुद्ध हुन्छ । त्यो एकै स्थानमा रहन सक्दैन ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# भक्तिका चार आयाम

भगवान् करुणाका सागर हुन् । उनलाई हरेक स्तरका व्यक्ति मन पर्छ, जो उनीकहाँ कुनै न कुनै माध्यमबाट पुग्ने प्रयास गर्छन् । भगवान्ले भक्तिमा रत ती सबै प्राणीलाई 'सुकृतिनः' अर्थात् पुण्यवान् जीवको संज्ञा दिएका छन् । यसलाई भगवान्को उदारता नै भन्न सकिन्छ । सामान्यरूपले भक्तिका दुई श्रेणी हुन्छन्– सकाम र निष्काम । सकाम भक्त त्यसलाई भनिन्छ, जो कुनै कामनालाई लिएर भगवान्को भक्ति गर्छ र निष्काम भक्त त्यो कहलाउँछ, जो विना कुनै कामनाको प्रभुसँग प्रेम गर्छ । गीताको सातौं अध्यायमा भगवान् श्रीकृष्णले चार प्रकारका भक्तको चर्चा गरेका छन्, जसमा प्रथम दुई प्रकारका भक्त सकाम भक्तको कोटीमा आउँछन् र शेष दुईलाई निष्काम भक्तको श्रेणीमा राख्न सकिन्छ । गीता (७।१६)मा भगवान् भन्छन् कि हे अर्जुन ! चार प्रकारका उत्तम कर्म गर्ने भक्तजन मेरो उपासना गर्छन्, मेरो निरन्तर स्मरण गर्छन् । ती भक्तजन हुन्– आर्त, अर्थार्थी, जिज्ञासु र ज्ञानी भक्तजन ।

**चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।**
**आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥**

भक्तको प्रथम श्रेणी जुन भगवान्द्वारा बताइएको छ, त्यो हो आर्तभक्तको । यो यस्तो प्रेमी हो, जो भगवान्लाई दुःखमा याद गर्छन् । यस्ता प्राणी दुःखमा विचलित भई आकुल–व्याकुल हुन्छन् । जब चारैतिर हातखुट्टा चलाएर हार्छन्, तब अन्तिम विकल्पको रूपमा भगवान्को शरणमा पुग्छन् र दुःख टाढा गर्न प्रभुसँग गुहार लगाउँछन् । श्रीमद्भागवतपुराणको एक कथानक अनुसार जगराजलाई जब ग्राहले समात्यो, तब उसले आर्त पुकार लगाए, जसलाई सुनेर भगवान् तुरुन्तै दौडेर आइपुगे र उनको रक्षा गरे । यस प्रकार एक अन्य प्रसङ्गमा जब द्रौपदीको चीरहरण भइरहेको थियो, तब सबैभन्दा पहिले उसले आफ्नो महाबली पतिहरूसँग आश लगाइन् । जब कुरा बनेन, तब नैतिकताको दुहाइ दिएर भीष्म पितामह, गुरु द्रोण एवं राजा धृतराष्ट्रसँग सहायताको माग गरिन् । जब कुनै विकल्प बचेन, तब उनले श्रीकृष्णलाई पुकारिन् । भगवान्ले तुरुन्तै वस्त्रावतारको रूपमा प्रकट भएर द्रौपदीको लाजको रक्षा गरे । फरिया तान्दातान्दै दश हार हात्ती बराबर बल राख्ने दुःशासन थाकेर लडे, तर द्रौपदीको दश गजको चीर समाप्त भएन– 'दश हजार गज बल घटो, घटो न दश गज चीर ।' यदि जीव व्याकुल हृदयबाट पुकार्छ भने भगवान् मदतको लागि आउँछन् । परमपिता परमेश्वरको यो दयालुता उनको प्रकृतिमा समाहित छ, यो केवल एउटा सच्चा भक्तले मात्र थाहा पाउँछ ।

भक्तको दोस्रो श्रेणीमा आउँछ, अर्थार्थी भक्तजन, जो अर्थ, भोग र वैभवको प्राप्तिको लागि भगवान्को भक्ति गर्छ, त्यो अर्थार्थी भक्त कहलाउँछ । आर्थिक लाभको कामनाले भजन गर्नेलाई पनि भगवानले सुन्छन् र उसको इच्छा पनि पूर्ति गर्छन् । भगवान् बडो दयालु छन् । भगवान्ले यस्ता सकाम व्यक्तिलाई पनि भक्त यस कारण मानेका छन् किनकि उनी चाहन्छन् कि जीवले कुनै पनि कारणले मेरोलागि आफ्नो हृदयको ढोका खोलोस्, मलाई भजाओस् र आफ्नो सम्झोस् । उनी त यतिमात्र कुराले पनि सन्तुष्ट हुन्छन् कि मेरो करुणाको प्रवेशको लागि जीवले कमसेकम आफ्नो अन्तःकरणको ढोका त खोल्यो, सात्त्विकताको भाव उसको मनमा जागेको त छ । शायद यसै बहानाले मप्रति जीवको अनुराग उदय भइहालोस् । भगवान् जीवको यस्तो सकाम भक्तिबाट पनि प्रसन्न हुन्छन् र उसलाई स्वर्गादि उच्च लोकहरूमा पठाइदिन्छन् ।

भगवान्ले भक्तजनहरूको जुन तेस्रो श्रेणी बताएका छन्, त्यो हो जिज्ञासु भक्त । जिज्ञासु भक्त त्यो हो, जो सत्यान्वेषणमा तत्पर हुन्छन्, परमतत्त्वको बारेमा जान्न इच्छुक हुन्छन् । प्रभुमा विलयको लागि आतुरताको जन्म हुनु जिज्ञासाको उदय हुनु हो । यस्ता व्यक्ति सत्सङ्गमा जान्छन्, धार्मिकस्थलको भ्रमण गर्छन्, महापुरुषहरूको सान्निध्यमा बसेर परमात्मतत्त्वको अनुसन्धान गर्छन् र अध्यात्मसम्बन्धी सबै शङ्काको समाधान खोज्छन् । यस्ता जिज्ञासुलाई निष्काम भक्त नै मानिएको छ किनभने उसको भक्तिको उद्देश्य कुनै लौकिक कामनाको पूर्ति गर्नु होइन । निष्काम भक्तको कारण जिज्ञासु भक्त प्रथम एवं द्वितीय दुवै प्रकारका भक्तभन्दा श्रेष्ठ मानिएको छ । परमात्मतत्त्वको जिज्ञासा जीवको मनमा अचानक उत्पन्न हुँदैन । जब जीवको जन्म–जन्मान्तरको पुण्य सङ्ग्रहित हुँदै जान्छ, तब भगवान्लाई पाउने जिज्ञासा हुन्छ । नियमित उपासना तथा साधनाबाट अनेकौं जन्मका कुसंस्कारको कल्मष हट्छ र अन्तःकरण निर्मल हुन्छ । जसरी–जसरी मन निर्मल हुँदै जान्छ, त्यसरी नै यो जिज्ञासा पनि बढ्दै जान्छ कि मानवजीवनको सारवस्तु संसार होइन, अपितु सर्वेश्वर हो ।

एकपटक एकजना तपस्वी साधु साधना गरिरहेका थिए, तब त्यहाँ देवर्षि नारदजी निस्किए । नारदजीलाई हेरेर त्यस साधुले सोधे– देवर्षिजी ! तपाईं त सदैव भगवान्को सान्निध्यमा रहनुहुन्छ । कृपया हाम्रोबारेमा पनि उनीसँग सोध्नुस् कि कहिले हामीलाई दर्शन दिनुहुन्छ । केही दिनपछि नारदजी फर्किएर पृथ्वीमा आए, तब साधुले जिज्ञासा प्रकट गरे र भने– देवर्षि ! भन्नुस्, भगवान्ले के उत्तर दिए ? नारदजीले भने– वत्स ! भगवान्ले भनेका छन् कि जुन पीपलको रूखको तल तिमी जपतप गरिरहेका छौं, त्यसमा जति पात छन्, त्यत्तिकै जन्म भएपछि तिमीले भगवान्को आगमनको प्रतीक्षा गर्नुपर्छ । यो सुनेर साधु खुशीले नाच्न थाले र भने– भगवान् कति दयालु हुनुहुन्छ । उनी कति करुणानिधान हुनुहुन्छ । यो के कम कुरा हो कि भगवान्को परमभक्तको सूचीमा मेरो नाम पनि छ । भगवान्ले त्यस साधुको भक्ति र विश्वासको प्रगाढतालाई हेरेर त्यसै जन्ममा उनलाई दर्शन दिए किनभने प्रभु आफ्नो भक्तसँग बढी समयसम्म टाढा रहन सक्दैनन् ।

भक्तिको चौथो आयाम हो ज्ञानीको भक्ति, जसको आधार मन र बुद्धि भगवान्को साथ एकात्मता । भक्तिको प्रथम तीन आधार प्रारम्भिक खुड्किलो भन्न किन्छ, तर पराकाष्ठा त चौथो खुड्किलोमा पुगेर नै हुन्छ । ज्ञानको स्तरमा नै त्यो उच्चतम स्वरूपमा आउँछ । भगवान्लाई तत्त्वबाट जानेर उनको उपासना गर्नु ज्ञानी भक्तको कार्य हो । भगवान्ले ज्ञानीलाई सर्वोत्तम भक्त भनेका छन् किनभने त्यो नित्य भगवान्मा एक भावबाट स्थित अनन्य प्रेम भक्तिवाला हुन्छ । ज्ञानी भक्त गुणातीत हुन्छ र मनभन्दा माथि उठेर मायालाई नाघ्छ, उसको तादात्म्य परमसत्ताबाट हुन्छ । भगवान्ले गीता (७।१७)मा भनेका छन्, ज्ञानी भक्त मलाई अत्यन्त प्रिय छ र म पनि उनलाई अत्यन्त प्रिय छु–

**तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते ।**
**प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥**

भगवान् भन्छन् कि मलाई यस्तो ज्ञानी भक्त सबैभन्दा बढी मन पर्छ, जसमा ज्ञान र भक्ति दुवैको चरम पराकाष्ठा हुन्छ । परमात्मालाई तत्त्वबाट जानेर ज्ञानी भक्तले सबै जीवभित्र एकमात्र परमतत्त्वलाई दर्शन गर्छ । यसैले त्यो सबै प्रकारका भक्तभन्दा श्रेष्ठ छ । गीताको अघिल्लो श्लोकमा भगवान् भन्छन् कि ज्ञानी भक्त त मेरो साक्षात् स्वरूप नै हो किनभने त्यो मद्गत मन–बुद्धि भएको ज्ञानी भक्त अतिउत्तम गतिस्वरूप मभित्र नै राम्ररी स्थित छ । यस्ता महात्मा अतिदुर्लभ हुन्छन्, जुन धेरै जन्मको अन्त्यमा तत्त्वज्ञानलाई प्राप्त गरेर 'वासुदेव नै सबैथोक हो' यस्तो सम्झिएर मलाई निरन्तर भजाउँछन्–

**बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।**
**वासुदेवः सर्वमिति स महात्मा सदुर्लभः॥ (७:१९)**

उपर्युक्त श्लोकबाट ज्ञान र भक्ति दुवैको महत्त्व प्रतिपादित हुन्छ । यस्तो ज्ञान जो तार्किक विचारबाट सर्वथा मुक्त छ र जो प्रभुप्रति समर्पणभावबाट युक्त छ । महापुरुषहरूको कथन छ कि मनुष्यलाई ज्ञानी भक्त बन्ने अभ्यास गर्नुपर्छ, ताकि ऊ प्रभुको प्रिय बन्न सकोस् । आजभोलि जुन ज्ञानको चर्चा भइरहेको छ, त्यो त तर्कको आधारमा यो पनि प्रमाणित गर्ने कोशिश गर्छ कि भगवान्को अस्तित्व नै छैन । यस्तो ज्ञान निरर्थक हो, जसले मनुष्यलाई नास्तिक नै बनाइदिन्छ । यस्ता ज्ञानी शिक्षाविद्, शास्त्रार्थ गर्ने विद्वान्, प्रकाण्ड पण्डित, दर्शनशास्त्री, वैज्ञानिक, अधिवक्ता कोही पनि हुन सक्छ तर उसलाई प्रभुको भक्त कदापि भन्न सकिंदैन । आदि जगद्गुरु शङ्कराचार्यको अनुसार ज्ञान दुई प्रकारका हुन्छन्– प्रत्यक्ष र परोक्ष ज्ञान । प्रत्यक्ष ज्ञान अनुभूति ज्ञान हो, जुन केवल अनन्य भक्तिबाट नै प्राप्त हुन्छ । परोक्ष ज्ञान त्यो हो, जुन पुस्तक र धर्मग्रन्थको अध्ययनबाट पाइन्छ । यो बाह्य ज्ञान हो, जुन सूचनामा आधारित छ । यस ज्ञानको भक्तिसँग कुनै सरोकार छैन । वस्तुतः भक्तिजनित अहम्बाट मुक्त र अनुभवमा आधारित बौद्धिक विकासले नै ज्ञानी भक्तको सृजन गर्छ । यही साँचो र वास्तविक ज्ञान हो । जुन ज्ञान प्रभुबाट तादात्म्य स्थापित गर्नमा असमर्थ हुन्छ, त्यसलाई वास्तविक ज्ञान कसरी भन्न सकिन्छ ? –डा. शैलजा अरोडा

**यस्तो ज्ञान निरर्थक हो, जसले मनुष्यलाई नास्तिक नै बनाइदिन्छ । यस्ता ज्ञानी शिक्षाविद्, शास्त्रार्थ गर्ने विद्वान्, प्रकाण्ड पण्डित, दर्शनशास्त्री, वैज्ञानिक, अधिवक्ता कोही पनि हुन सक्छ तर उसलाई प्रभुको भक्त कदापि भन्न सकिंदैन ।**

# कोरोना र नेपालको अर्थतन्त्र

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

कोरोना महामारीयता विश्व अर्थतन्त्रले नयाँ खालको सकस सामना गरिरहेको अवस्थामा नेपालको अर्थतन्त्र त्यसको अपवाद हुन सक्ने कुरै भएन । तर, यसको कहरबाट अर्थतन्त्रलाई बाहिर ल्याउन अन्य अर्थतन्त्र जेजस्ता रणनीतिक योजनाहरू ल्याए/ल्याइराखेका छन्, त्यसमा भने हाम्रो सरकार अपवाद बन्यो । जे कुरामा पनि आफ्नो मौलिक विशेषता वा समस्याको अध्ययनविनै हचुवा नीति र निर्णयको अभ्यासले अहिले अर्थतन्त्र कठिन मोडबाट गुज्रिइराखेको छ । अर्थतन्त्रको अहिलेका सङ्कटपूर्ण अवस्थाप्रति समग्र चिन्ता र चिन्तन भइराख्दा सरकार भने अहिले पनि आफ्नो कमीकमजोरी ढाक्न मात्र उद्यत देखिएको छ । यसले अर्थतन्त्रलाई थप सकसपूर्ण बनाएको छ ।

स्वाभाविकरूपमा काम गर्न कठिन हुन्छ । सरकारमा बस्नेहरू काम गर्नुभन्दा जे कुरामा पनि अन्ध अनुसरण गर्ने काममा बढी अग्रसर देखिए । विदेशी मुद्राको सञ्चिति घट्यो भने सरकारले आयात प्रतिस्थापनको रणनीतिमा जाने कि आयातमा रोक लगाउने ? आयातमा लगाइएको रोकको परिणाम के भयो ? त्यस्ता वस्तुको अनधिकृत आयातले बढावा पायो । अहिले सीमा क्षेत्रमा खुलेआम तस्करी भइराखेको छ । यसबाट केही नेता, कर्मचारी र तस्कर मालामाल भए । तर सरकारी ढकुटीमा भ्वाङ पर्‍यो ।

आयातमा आधारित आपूर्ति त नेपालको अर्थतन्त्रको विशेषता नै हो । यो आजको समस्या होइन भने अहिलेसम्म सरकारले आयात प्रतिस्थापनमा के काम गर्‍यो ? केही पनि गरेन । सरकार आयातमा राजस्व बढाएर खर्च चलाउने ध्याउन्नमा मात्रै गयो । परिणाम सङ्कटको बेलामा नियन्त्रणले थप सकस सिर्जना गर्‍यो । आफूसँग विकल्प तयार नभई गरिएको नियन्त्रणले समाधान दिंदैन, उल्टै समस्या थपिन्छ । यति सामान्य कुरा सत्ता सञ्चालकहरूले नबुझेको पक्कै होइन । बारम्बार दोहोरिएका यस्ता समस्याबाट सिक्ने र त्यसलाई रणनीतिकरूपमा लागू गर्ने इमानदारी र इच्छाशक्ति नेतृत्वमा नदेखिनु नै अहिले अर्थतन्त्रले सामना गरिरहेको समस्यामा मूल कारण हो भन्नेमा द्विविधा मान्नुपर्दैन ।

सरकारले आर्थिक विकासका लागि बनाएका नीति तथा कार्यक्रममा स्थायित्व छैन । यसको परिणाम अर्थतन्त्र स्थिर र सबल हुन सकेको छैन । सरकारी संयन्त्रबीच एकले अर्कालाई दोषारोपण गर्ने र जिम्मेवारी पन्छाउने प्रवृत्तिले निकास पाएको छैन । सरकारी निकायहरूबीच समन्वय र छरितो प्रक्रियाको अभाव छ । यसले समस्या थपेको छ । नीति नियमहरूको आफूअनुकूलको व्याख्या र छिद्र समातेर दुरुपयोगको प्रवृत्ति अपेक्षित अग्रगतिमा अवरोधको रूपमा उभिएको छ ।

अहिले सतहमा हेर्दा व्यापार व्यवसाय एक चौथाइमा झरेको छ । उद्योग व्यापारमा व्यस्त हुनुपर्ने उद्यमी सडकमा छन् । उद्योग व्यापार बन्द गरिरहेका छन् । उद्योगहरू चल्न नसकेर धमाधम बन्द भएका समाचार आएका छन् । तरलताको सङ्कट छ । उच्च ब्याजदरले उत्पादनको लागत बढाएको छ । बजारमा पैसाको हाहाकार छ । व्यापारमा अनेक असङ्गति देखिन थालेका छन् । पैसाको अभावले व्यापारिक सम्बन्ध बिग्रिएको छ ।

चुनावपछि राजनीतिक दलहरू नयाँ सरकार गठनका लागि जोडघटाउमा लागेका छन् । देशको अर्थतन्त्र समस्याको खाडलउन्मुख भइराखेको भान हुन्छ । चुनावपछि स्थायित्व हुने र विकासले गति समात्ने अपेक्षामा तुषारापातको सङ्केत देखिन थालेको छ । सत्ता गठबन्धनका दलहरूबीच चुनावी परिणाम आइनसक्दै शक्ति बाँडफाँडमा देखिएको तानातानले राजनीतिक स्थायित्वलाई सङ्केत गर्दैन । राजनीति स्थिर नभए देशको अर्थतन्त्रले सकारात्मक टेवा पाउँदैन ।

निजी क्षेत्रले सञ्चालन गरेका उद्यम व्यापारबाट त धेरैले रोजगार गुमाएका छन् । आयातबाट राजस्व उठाएर खर्च चलाइरहेको सरकारले आफ्ना कर्मचारीलाई नै तलब खुवाउन नै समस्या परेको समाचार सञ्चारमाध्यममा आएका छन् । चालू खर्च नै उठाउन नसकेपछि सरकारले पूर्वाधारका योजनाहरूको ठेक्का लगाइरहेको छैन । पुराना ठेक्काको रकमसमेत भुक्तानी गरेको छैन । विकास निर्माणका काम ठप्प पारियो भने अर्थतन्त्रमा थप सङ्कुचन आउँछ र समस्या झनै भयावह बन्दै जान्छ ।

सरकारले अर्थतन्त्र जतिसुकै लिकमा भएको दाबी गरे पनि यो यथार्थले अर्थतन्त्र कुन धरातलमा छ र समयान्तरमा यसले कस्तो अप्ठेरोलाई सङ्केत गरिरहेको छ भन्ने बुझ्न त्यति कठिन हुँदैन । सरकारले तत्काल प्रभावकारी कदम नचाल्ने हो भने अर्थतन्त्र निकै अप्ठेरो र सङ्कटमा फस्ने निश्चित छ । देश सङ्घीयतामा गएपछि प्रदेश र स्थानीय सरकारका संरचनाहरू विस्तार भएका छन् । यसले खर्च पनि बढाएको छ ।

केन्द्रीय निकायमा अधिकार र कार्य सञ्चालनको जिम्मेवारी प्रदेश र स्थानीय सरकारमा गए पनि सङ्घीय सरकारले पुरानै संरचनामा खर्च गरिरहेको छ । खर्च प्रवृत्तिको पुनरावलोकन हुन नसक्दा खर्च घट्न सकेको छैन । यसको समीक्षा जरुरी छ । विदेश भ्रमण, तारे होटलमा तडकभडकका साथ हुने छलफलका कर्मकाण्डी कार्यक्रम, सरकारी भोजभतेरमा लगाम कस्नु अनिवार्य भइसकेको छ ।

राष्ट्रिय योजना आयोगको अध्ययनले स्रोतको कमी, स्रोत व्यवस्थापन क्षमतामा ह्रास, अस्पष्ट प्राथमिकता, हचुवा परियोजना र स्रोतको अनुचित र वितरणमुखी बाँडफाँटका कारण राजस्व र खर्चको दूरी बढ्दै गएको देखाएको थियो । अनावश्यक आयोग, समिति, मन्त्रालय र विभागहरू खारेज गर्नुपर्दछ । सरकारी अध्ययनले नै यसमा चनाखो हुन र सङ्ख्या घटाउन सुझाएको थियो । सबैभन्दा विडम्बना त जनताले तिरेको करबाट चलेका यस्ता निकाय अपवादबाहेक भ्रष्टाचारको कारखाना बनेका छन् । यतिसम्म कि भ्रष्टाचार नियन्त्रणका निकायहरूको छवि नै सबैभन्दा बढी भ्रष्टरूपमा प्रकट भएको छ ।

एकातिर बजारमा माग छैन भनिएको छ, आर्कातिर मूल्यवृद्धिले जनताको ढाड सेकिएको छ । माग नहुँदा त मूल्य घट्नुपर्ने हो । नेपालको मूल्यवृद्धि भारतको बजारमा आधारित हुन्छ । अधिकांश वस्तु भारतीय बजारबाट आउने भएकाले त्यहाँको मूल्यवृद्धिको भार यता देखिनु स्वाभाविक हो । तर भारतमा महँगी वृद्धिदर घट्दा नेपालमा नघटेको समाचार आएका छन् । उल्टै मूल्यवृद्धि भएको छ । यसले या मूल्यवृद्धि कृत्रिम हो भन्ने आशङ्का हुन्छ । यो हो भने सरकार यसको नियन्त्रणमा किन उदासीन देखिएको छ ? या नेपालमा व्यापार र उत्पादनको लागत नै बढी भएकाले यसो भएको हुन सक्छ । नेपालको कर प्रणाली, उत्पादन लागतमा भएको वृद्धि, ढुवानीमा सिन्डीकेट, पूँजीको अधिक लागतलगायतका कारणले पनि मूल्यवृद्धि भएको हुन सक्छ ।

हामीकहाँको वार्षिक बजेट हेर्ने हो भने आम्दानी र खर्चबीचको खाडल बढिरहेको देखिन्छ । राजस्व र खर्चको दूरी बढिरहेको छ । यसबाट सार्वजनिक ऋण बढ्दै गएको छ भने जनताको आयस्तर खस्किएको छ । तर सरकार यसमा सचेत हुनुको सट्टा जिडिपीको तुलनामा ऋण कमै छ भन्दै आफ्नो अकर्मण्य ढाकछोपको उपायमा देखिन्छन् । ऋणमा बनेका योजनाहरूको गुणस्तरमा सन्देह मात्र छैन, यस्ता योजनामा खर्चिएको पैसामा भ्रष्टाचार व्याप्त छ । ऋणमा पनि भ्रष्टाचार गर्न नछोड्ने राज्य संयन्त्रबाट कस्तो खालको सुशासनको अपेक्षा गर्ने ?

**तर सरकार यसमा सचेत हुनुको सट्टा जिडिपीको तुलनामा ऋण कमै छ भन्दै आफ्नो अकर्मण्य ढाकछोपको उपायमा देखिन्छन् । ऋणमा बनेका योजनाहरूको गुणस्तरमा सन्देह मात्र छैन, यस्ता योजनामा खर्चिएको पैसामा भ्रष्टाचार व्याप्त छ । ऋणमा पनि भ्रष्टाचार गर्न नछोड्ने राज्य**

# भन्सार घोषणा नभएका मोबाइल बन्द हुने


काठमाडौं, ९ पुस/रासस

नेपाल दूरसञ्चार प्राधिकरणले यही पुस १५ गतेभित्र मोबाइल दर्ता गर्न आह्वान गरेको छ । प्राधिकरणले आज एक सार्वजनिक सूचना प्रकाशित गरी यही पुस १५ देखि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) पूर्णरूपमा कार्यान्वयनमा ल्याउने जनाएको छ ।

मोबाइल सेटको गैरकानूनी आयात, बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गरी थप व्यवस्थित गर्न, चोरी भएका तथा हराएका मोबाइल सेटको ट्र्याकिङ र ब्लकिङ गर्न प्राधिकरणले यसअघि परीक्षणका रूपमा एमडिएमएस लागू गरिएको जनाएको छ ।

विदेशबाट आउने नेपालीले निजी

(बाँकी अन्तिम पातामा)



सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी सदनद्वारा १.७ ट्रिलियन अमेरिकी डलरको सरकारी कोष पारित

वाशिङ्टन, ९ पुस/सिन्ह्वा

अमेरिकी प्रतिनिधिसभाले शुक्रवार सङ्घीय सरकारलाई आर्थिक सहयोग गर्ने उद्देश्यले विशेष आर्थिक प्याकेज पारित गरेको छ।

उक्त १.७ ट्रिलियन अमेरिकी डलरको ओम्निबस बिल सिनेटले पारित गरेर ह्वाइट हाउस पठाउँदैछ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रवार उक्त प्याकेज आफ्नो डेस्कमा पुग्ने बित्तिकै हस्ताक्षर गर्ने बताएका छन्।

एक हप्ताको निरन्तर छलफलपश्चात् चार हजार पृष्ठ लामो उक्त प्रतिवेदन अब राष्ट्रपतिको हस्ताक्षरको पर्खाइमा छ।

आर्थिक वर्ष सन् २०२३ को लागि ठूलो खर्च कानूनमा गैररक्षा, घरेलु कार्यक्रमका लागि ७७२.५ बिलियन डलर र रक्षा कोषमा ८५८ बिलियन डलर समावेश छन्।

यो रकम अघिल्लो वर्षको तुलनामा झन्डै १० प्रतिशतले बढेको छ।

यसले रूससँग चलिरहेको द्वन्द्वबीच युक्रेनका लागि करीब ४५ अर्ब डलर आपत्कालीन कोष पनि उपलब्ध गराउँदै छ।

सैन्य गतिविधिमा ठूलो रकम खर्च गरेकोमा संयुक्त राज्य अमेरिकाको चर्को आलोचना भइरहेको बेला यो कोष आएको हो। रासस

## तमिलनाडुमा तीर्थयात्रु बोकेको गाडी खाडलमा खस्दा आठजनाको मृत्यु

थेनी, ९ पुस/एएनआई

तमिलनाडुको थेनी जिल्लामा श्रद्धालु सवार कार दुर्घटना हुँदा आठजनाको मृत्यु भएको छ। कार सडकबाट करीब ४० फिट तल खस्दा सो दुर्घटना भएको हो। दुर्घटनामा नौ वर्षीय बालकसहित दुईजना घाइते भएका छन्।

अन्दिपट्टीनजीकैको सन्मुगासुन्दरपुरम गाउँका दश अयप्पा भक्त सबरीमालाको दर्शन गरेर घर फर्कदै गर्दा शुक्रवार बेलुका उनीहरूको कार दुर्घटनामा परेको थियो।

उनीहरू कुमुली पहाडी सडक इराइचलपलमनजीक पुग्दा सो कार खाडलमा खसेको थियो।

"थेनी जिल्लाको कुमुली पहाडको भञ्ज्याङमा सो कार ४० फिट गहिरो खाडलमा खस्दा आठ श्रद्धालुको मृत्यु भएको छ," थेनीका जिल्ला कलेक्टर केभी मुरलीधरनले बताएका छन्। उनले दुईजनालाई उद्धार गरी अस्पताल लगिएको पनि बताएका छन्।



दुर्घटनमा क्षतिग्रस्त कार। तस्वीरः एएनआई

उद्धार गरिएका दुईजनामा नौ वर्षीय बालकसमेत रहेका छन्। गम्भीर घाइते भएका उनीहरूलाई नजीकैको सरकारी अस्पतालमा प्राथमिक उपचार गरिएको थियो। दुर्घटनाबारे अनुसन्धान जारी छ। रासस

## मेकोङ नदीका दश दुर्लभ डल्फिनको मृत्यु

नोमपन, ९ पुस/सिन्ह्वा

कम्बोडियाको एक संरक्षणवादी समूहले यो वर्ष मेकोङ नदीका दश दुर्लभ डल्फिनको मृत्यु भएको बताएको छ। यहाँस्थित विश्व वन्यजन्तु कोषले बिहीवार क्राती प्रान्तको मेकोङ नदीमा मरेका इरावदी डल्फिन भेटिएको जनाएको छ।




दुर्लभ डल्फिन मृत अवस्थामा। तस्वीरः सिन्ह्वा

१९३ सेन्टिमिटर लामो, सातदेखि १० वर्षको करीब ८५ किलोग्राम तौल भएको मरेको पोथी डल्फिन भेटिएको जनाउँदै कोषले 'मोनोफिलामेन्ट गिलनेट'मा फसेपछि डल्फिनको मृत्यु भएको बताएको छ। मत्स्यपालन प्रशासन र कोषले गरेको अनुसन्धानबाट मृत्युको कारण खुलेको हो।

कोषले वयस्क पोथी डल्फिनको मृत्युले मेकोङ नदीमा डल्फिनको प्रजनन क्षमतामा प्रत्यक्ष प्रभाव परेको उल्लेख गर्दै कोषले यो वर्ष उक्त नदीमा १० वटा दुर्लभ डल्फिन मरेका तथा बितेका तीन वर्षमा २८ वटा डल्फिन मरेकामा चिन्ता व्यक्त गरेको छ।

मेकोङ डल्फिनलाई लोप हुनबाट जोगाउन कानूनको कडाइका साथ कार्यान्वयन गर्न अपरिहार्य भएकामा कोषले जोड दिएको छ।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सफलता | वृष | राज्यलाभ |
| मिथुन | वादविवाद | कर्कट | यात्रालाभ |
| सिंह | कडापरिश्रम | कन्या | ज्ञानोदय |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | धनलाभ | मकर | भाग्योदय |
| कुम्भ | बेचैनी | मीन | मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र, पर्साको सूचना**

वीरगंज-पोखरिया ३३ केभी लाइन अपग्रेडेशन गर्ने कार्यको लागि नेविप्रा, वीरगंज ६६।३३।११ केभी सबस्टेशनबाट पोखरियाको लागि आउने वीरगंज-पोखरिया ३३ केभी लाइन र पोखरिया ३३।११ केभी तथा सेढवा सबस्टेशनबाट सञ्चालित सम्पूर्ण ११ केभी लाइनहरू मिति २०७९।०८।२८ देखि २०७९।०९।१८ गतेसम्म करीब २० (बीस) दिन बिहान ८:०० देखि दिउँसो १३:०० बजेसम्म उक्त निर्धारित समयमा पूर्णरूपमा सटडाउन रहने तथा उक्त कार्य गर्न कुनै कुनै स्थानमा सोही रूटमा वीरगंज सबस्टेशनबाट सञ्चालित ११ केभी विन्ध्यवासिनी फिडर, ११ केभी ५ नं फिडर र ११ केभी ६ नं फिडर रहेकाले उक्त तीनवटा फिडर आवश्यकता अनुसार सटडाउन रहने सूचित गरिन्छ। साथै निर्धारित समयावधिअगावै कार्य सम्पन्न भएमा लाइन पहिलै सुचारु हुने बेहोरा अनुरोध छ। यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाप्रति नेविप्रा पोखरिया वितरण केन्द्र क्षमाप्रार्थी छ।

- नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय
ग्रीड सोलार तथा इनर्जी इफिसिएन्सी आयोजना
पोखरिया वितरण केन्द्र



**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे



व्यक्तिगत घटना जस्तैः जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा सम्बन्धबिच्छेद समयमैं सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।

वीरगंज महानगरपालिका कार्यालय


## ख्रीष्टमस (बडा दिन): परमेश्वरको मुक्ति दिने योजनाको पूर्णता

**परिचयः**

डिसेम्बर २५ का दिन विश्वव्यापीरूपमा ख्रीष्टमस अर्थात् प्रभु येशू ख्रीष्टको जन्मोत्सव मनाउने गरिन्छ। नेपालको परिप्रेक्ष्यमा मण्डलीको आरम्भसँगै हर्षोल्लासका साथ यस देशमा पनि प्रत्येक वर्ष अरू देशहरूमा जस्तै ख्रीष्टमस मनाउन आरम्भ भएको हो। समय बित्दै जाँदा ख्रीष्टमस मनाउने चलन पनि व्यापक हुँदै गइरहेको छ र वर्तमानमा यो मण्डली वा विश्वासी समुदायमा मात्रै सीमित रहेको छैन। प्रभु येशूमा व्यक्तिगतरूपमा विश्वास नगर्ने व्यक्ति वा समुदायले पनि उत्तिकै उत्साहका साथ ख्रीष्टमस मनाइरहेका हुन्छन्। तारे होटलहरूमा यो प्रचलन पहिलेदेखि छँदै छ। पश्चिमी देशहरूमा त अक्टुबर महीनादेखि नै ख्रीष्टमसको चहलपहल आरम्भ भइसकेको हुन्छ। मुख्य व्यापारिक केन्द्रहरू विशेष किसिमले सजाइएका हुन्छन् र स्कूल, कलेजहरूमा लामो बिदा दिइएको हुन्छ। त्यता सयौं वर्षदेखि चलिआएको प्रचलन अनुसार यो विशेष चाडको रूपमा मनाइन्छ। कति स्थानमा अत्यधिक मदिरासेवनले गर्दा ख्रीष्टमसको दिन वर्षको सर्वाधिक दुर्घटना वा मृत्यु हुने दिनमा पनि परिणत हुने गरेको छ।

ख्रीष्टमस विशेष



डा पीटर कमलेश्वर सिंह

**उहाँ एक दिन फेरि आउनुहुन्छ तर त्यो दोस्रो आगमन उद्धारको लागि हैन, न्यायको लागि हुनेछ। बाइबल धर्मशास्त्रमा लेखिएको, "उद्धारको समय अहिल्यै हो।" एकमात्र परमेश्वर र मानवबीचको एकमात्र उद्धारकर्ता येशूमा विश्वास गरेर मुक्ति पाउने समय अहिल्यै हो।**

मानिसको स्वभाव अनुसार सबै कुरा सांसारिक दृष्टिकोणले हेर्ने बानी रहेकोले ख्रीष्टमसलाई पनि एउटा चाडको रूप दिने र सो अवसरमा खानपिन गर्दै मोजमस्ती गरेर बिताउने प्रचलन बढ्दै गइरहेको छ। प्रभु येशूको जन्म परमेश्वरको इच्छा र योजना अनुसार भएपनि यस अवसरलाई हेर्ने दृष्टिकोण र गरिने व्यवहारमा कुरीतिले स्थान पाउँदै गइरहेकाले यसको वास्तविक महत्त्व हराउँदै गइरहेको भान हुन्छ। यसै कारण यस लेखमा प्रभु येशू ख्रीष्टको जन्मको उद्देश्य केलाउने प्रयास गरिएको छ।

**पृष्ठभूमिः**

प्रभु येशूको जन्म आजभन्दा करीब २०२० वर्षअघि इस्राएल देशको यरुशलेम शहरनजीकै बेतलहेम गाउँमा रहेको एउटा गोठभित्र भएको थियो। बाइबल धर्मशास्त्रको नयाँ करारमा मत्ती रचित सुसमाचार र लुका रचित सुसमाचारका पुस्तकहरूमा उनको जन्मको विस्तृत विवरण दिइएको छ।

पुरानो नियमको अन्तिम पुस्तक, मलाकी अगमवक्ताको पुस्तक लेखिएपछि नयाँ नियमको पहिलो पुस्तक मत्ती रचित सुसमाचारको आरम्भसम्मको ४०० वर्षको अन्तरालमा इस्राएल जाति वा यहूदीहरूको बीचमा परमेश्वरको कुनै पनि लिखित वा मौखिक सन्देश प्राप्त भएन। पुरानो नियमका ठूला-साना अगमवक्ताद्वारा मसीह वा ख्रीष्टको आगमनसम्बन्धी गरिएका विभिन्न अगमवाणीहरू पूर्ण हुने आशा गरेर परमेश्वरका चेलाहरू पर्खिबसेका थिए। यस कारण एकमात्र जीवित परमेश्वरमा विश्वास गर्ने यहूदी जातिमा यो एउटा ठूलो आत्मिक सुखापनको समय थियो।

जातिगत आधारमा मानवजातिलाई दुई श्रेणीमा वर्गीकरण गरिन्छ, यहूदी र गैरयहूदी (Jews & Gentiles) वा अन्य जाति। गैरयहूदी वा अन्य जाति समुदायमा इतिहास आफ्नै गतिले अगाडि बढिरहेको थियो। एसिरियन र त्यसपछि बेबिलोनको शासनको उत्थान र पतनपछि रोमी साम्राज्यको उदय भयो र युरोपका साथै एसियाको अधिकांश देशमा रोमले शासन गरिरहेको थियो। यसैबीच बुद्ध जन्मेको ५०० वर्ष बितिसकेको र अधिकांश एसियाली देशहरूमा बौद्ध धर्मको प्रचारप्रसार भइसकेको थियो। आखिरमा परमेश्वरले आफ्ना अगमवक्ताहरूद्वारा बोल्नुभएको वचन र गर्नुभएका प्रतिज्ञाहरू पूर्ण हुने समय आइपुगेको थियो।

**प्रभु येशूको जन्मको उद्देश्य**

येशूको जन्मको उद्देश्यलाई हामीले विभिन्न दृष्टिकोणले हेर्न सक्छौं तर सबैभन्दा उपयुक्त दृष्टिकोण परमेश्वरको दृष्टिकोण हुन्छ। किनभने यस योजनाको योजनाकार उहाँ स्वयम् नै हुनुहुन्छ। उहाँको दृष्टिकोण उहाँको वचन अर्थात् बाइबल धर्मशास्त्रमा उल्लिखित छ। हामी लुका रचित सुसमाचारका केही पद हेर्नेछौं, "तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसका निम्ति हुनेछ। आज दाउदको शहरमा तिमीहरूका निम्ति एकजना मुक्तिदाताको जन्म भएको छ,



जो ख्रीष्ट प्रभु हुनुहुन्छ। तिमीहरूलाई चिन्हचाहिं यो हुन्छ, तिमीहरूले एउटा बालकलाई लुगाले बेरेको र डूँडमा सुताइराखेको भेट्टाउनेछौं।"

तब एक्कासि ती स्वर्गदूतसँग स्वर्गीय सेनाको एउटा दल देखा पर्‍यो। परमेश्वरको स्तुति गर्दै तिनीहरूले भने, "सर्वोच्चमा परमेश्वरलाई महिमा र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ।"

**तिनीहरूलाई शान्ति (२:१०-१४)**

स्वर्गदूतहरू परमेश्वरका विशेष दूतहरू हुन्, जसको काम, कर्तव्यमध्ये परमेश्वरको विशेष सन्देश मानिसलाई दिने हो, यस कारण बालकको रूपमा येशूको जन्म हुँदा स्वर्गदूतहरूको सक्रियतामा निकै वृद्धि भएको थियो र माथि उल्लिखित पदहरूमा परमेश्वरले गोठालाहरूलाई येशूको जन्मको उद्देश्यसहितको समाचार सुनाउन स्वर्गदूतहरूलाई पठाउनुभएको थियो।

उपरोक्त पदहरूको विश्लेषण गर्दा हामी निम्नलिखित विशेष कुराहरू उल्लेख भएको भेट्टाउँछौंः

सम्पूर्ण मानव जातिको मुक्तिदाताको रूपमा प्रभु येशू ख्रीष्टको जन्म भएको छ।

यस घटनाले स्वर्गमा परमेश्वरको महिमा भएको छ।

पृथ्वीमा रहेका यस्ता व्यक्तिहरू, जसले येशूमा विश्वास गर्नेछन्, परमेश्वरसँग मिलापमा (शान्ति) आउनेछन्।

सम्पूर्ण मानव जातिको मुक्तिदाताको रूपमा प्रभु येशू ख्रीष्टको जन्म भएको छ।

मुक्ति भनेको के हो ? यस तथ्यलाई बुझ्यौं भने मुक्तिदाताको महत्त्व र आवश्यकता बुझ्न पनि सजिलो हुन्छ।

सृष्टिको आरम्भमा पहिलो व्यक्ति आदम र उनकी पत्नीको रूपमा आदमकै करङ्गबाट बनाइएकी पहिली स्त्री हव्वाले परमेश्वरको आज्ञा उल्लङ्घन गरेका कारण पाप गरे र मृत्युको अधीनमा परे।

यसको फलस्वरूप सम्पूर्ण मानव जाति (जो आदमका सन्तान हुन्)मा पाप र मृत्यु व्याप्त भयो। रोमी ५:१२ मा उल्लेख गरिए अनुसार, "एकजना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।" यसैले मानिसको रूपमा पाप गर्ने हाम्रो स्वभाव भएको छ। हामीले पाप गरेका कारण पापी ठहर्‍याइएका होइनौं तर पापी (पाप स्वभाव भएको) मानिस भएको कारण पाप गर्न बाध्य हुन्छौं। परमेश्वरको इच्छा सम्पूर्ण मानव जातिको लागि के हो भने प्रभु येशूमा विश्वास गरेर हामीले गरेका पापहरूबाट क्षमा पाऊँ र हाम्रो पाप स्वभावबाट पनि मुक्त हुन सकौं। यसै कारण प्रभु येशू यस संसारमा उद्धारकर्ता वा मुक्तिदाताको रूपमा आउनुभएको हो। जो उहाँले आफ्नो मृत्युद्वारा पूर्ण गर्नु भयो। जस्तो कि बाइबल धर्मशास्त्रमा लेखिएको छ, "तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो (रोमी ५:८)।

पापको कारणले परमेश्वरबाट टाढिएको मानव जाति प्रभु येशूको जन्म र मृत्युको कारण परमेश्वरसित मिलापमा आउन सम्भव भएको छ। मानव जातिको लागि यही आनन्दको सुसमाचार लिएर स्वर्गदूतहरू आएका थिए।

**यस घटनाले स्वर्गमा परमेश्वरको महिमा भएको छ**

सृष्टिको मुख्य योजनाकारको रूपमा मानिसको लागि आरम्भमा परमेश्वरको योजना थियो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पक्षीहरू, पालिने पशुहरू र जमीनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार प्राप्त गरूँ।" यसै कारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो।

परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो।

नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। (उत्पत्ति १:२६-२७)

र मानिसलाई सोही अनुरूप सृष्टि गरिएको कुरा उपरोक्त पदहरूमा उल्लेख गरिएको छ। यहाँनिर दुष्ट या शैतानको उल्लेख्य भूमिका छ। किनभने परमेश्वरले दिनुभएका आज्ञाहरू तोडेर मानिसलाई पाप र मृत्युको अधीनतामा ल्याउन उसैले छल गरेको छ। यो घटना विस्तारमा हेरे राम्रो हुन्थ्यो तर यस लेखमा सम्भव देखिँदैन। यसमा महत्त्वपूर्ण कुरा के छ भने पापको कारण मानवजाति र परमेश्वरको बीचमा भय र अविश्वासको खाडल खन्न शैतान सफल भएको देखिन्छ। तर परमेश्वर यस्तो हुनुहुन्छ, जो आरम्भबाट नै अन्तसम्म हेर्न सक्नुहुन्छ र उहाँको सिद्ध योजना उहाँलाई नै थाहा छ, शैतानलाई वा मानिसलाई हैन।

परमेश्वर पवित्र हुनुहुन्छ र मानिसलाई पनि पवित्र पार्ने उहाँको इच्छा हो। पवित्रता भनेको यस्तो अवस्था हो, जहाँ पापको अस्तित्व हुँदैन, र हामी सबैलाई उहाँले पापरहित बनाउने इच्छा गर्नुभएको छ। यसको साथसाथै परमेश्वर सिद्ध पनि हुनुहुन्छ। सिद्धता भनेको पवित्रताभन्दा पनि माथिल्लो अवस्था हो जहाँ पाप के हो ? सो थाहा पाएर स्वेच्छाले पापलाई यसका सबै आकर्षणसहित जरादेखि नै निर्मूल गरिएको हुन्छ। परमेश्वरको इच्छा हामी पवित्र मात्र हैन तर सिद्ध पनि होऊँ भन्ने हो।

प्रभु येशूको जन्म र क्रूसको मृत्युको कारणले मानिसको लागि पापको क्षमा पाउन र पाप स्वभाव निर्मूल पार्न सम्भव भएको छ। यो सिद्धताको आरम्भ हो र येशूमा विश्वास गरी आज्ञाकारी र समर्पित जीवनद्वारा क्रमिकरूपमा

(बाँकी अन्तिम पातामा)

# जिल्लास्तरीय सांस्कृतिक नृत्य तथा वक्तृत्वकला प्रतियोगिता सम्पन्न

प्रस, गरुडा, ९ पुस/

एनप्याबसन रौतहटले शनिवार जिल्लास्तरीय सांस्कृतिक नृत्य तथा वक्तृत्वकला प्रतियोगिता गरेको छ। देवाही गोनाही नगरपालिका–३ स्थित सुशान्त इङ्ग्लिश बोर्डिङ स्कूलमा भएको कार्यक्रममा जिल्लाका १५ विद्यालयको सहभागिता थियो।

कार्यक्रममा वक्तृत्वकला प्रतियोगितातर्फ बौद्धिमाई नगरपालिका–२ इनर्वास्थित ज्ञानकुञ्ज बोर्डिङ स्कूल प्रथम, गरुडा नगरपालिका–४ स्थित न्यू डिभाइन लाइट बोर्डिङ स्कूल द्वितीय र बौद्धिमाई नगरपालिकाको नगरबारीस्थित ब्राइट बोर्डिङ स्कूलले तृतीय स्थान प्राप्त गरेका छन्।



तस्वीरः प्रतीक

यसैगरी, सांस्कृतिक नृत्यकला प्रतियोगितातर्फ गरुडा नगरपालिका–४ स्थित न्यू डिभाइन लाइट बोर्डिङ स्कूल प्रथम, गुजरा नगरपालिकाको सिमरा भवानीपुरस्थित ज्ञानवाटिका इङ्ग्लिश बोर्डिङ स्कूल द्वितीय र देवाही गोनाही–३ स्थित सुशान्त इङ्ग्लिश बोर्डिङ स्कूलले तृतीय स्थान प्राप्त गरेका छन्।

एन प्याबसनका रौतहट जिल्ला अध्यक्ष बिगन राय यादवको अध्यक्षता तथा देवाही गोनाही नगरपालिकाका प्रमुख प्रेमलाल साहको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा प्रदेश सांसद जयचन्दप्रसाद पटेल, नगर उपप्रमुख परनियादेवी पटेललगायतको सहभागिता थियो।

# जूनतारा महिला सहकारीको साधारणसभा

प्रस, बिरुवागुठी, ९ पुस/

पर्सागढी नगरपालिका–३ स्थित जूनतारा महिला बचत तथा ऋण सहकारी संस्थाको शनिवार १३औं साधारणसभा सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

संस्थाकी अध्यक्ष भगवती शर्माको अध्यक्षतामा सम्पन्न साधारणसभाको प्रदेशसभा सदस्य श्याम पटेलले उद्घाटन गरेका थिए। उनले सहकारी नीतिले ग्रामीणवासीहरूको जीविकोपार्जनमा ठूलो टेवा पुऱ्याएको दाबी गरे। उनले जुनतारा बचत तथा ऋण सहकारीले महिला हकहितमा काम गरेको हुनाले आफू असाध्यै खुशी भएको बताए।

कार्यक्रममा पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठक, वडाध्यक्ष सुकमान तामाङ, पत्रकार बलिराम शुक्लले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा स्वागत विष्णु बुढाथोकी र सहजीकरण टुका आचार्यले गरेका थिए।

संस्थाकी प्रबन्धक उर्मिला कार्कीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै रु ६ करोड ७१ लाख ६५ हजार ९०० कारोबार गरेको र शेयर पूँजी रु ४२ लाख ५१ हजार ४०० रहेको जानकारी गराइन्। बन्दसत्रले मञ्जु क्षत्रीको अध्यक्षतामा नयाँ समिति चयन गरेको छ।

समितिको उपाध्यक्ष कल्पना पौडेल, सचिव पार्वती आचार्य, कोषाध्यक्ष बिना पौडेललगायत छन्।

# पुस १९ गते पर्सागढी विजयी महोत्सव मनाइने

प्रस, परवानीपुर, ९ पुस/

आगामी पुस १९ गते २०८औं वर्षको विजयी महोत्सव पर्सागढी नगरपालिकामा मनाइने भएको छ।

तत्कालीन ब्रिटिश सेनालाई पराजित गरेको अवसरमा पुस १९ गते पर्सागढीको हरपुरमा रहेको पर्सागढी मन्दिर परिसरमा सो विजय महोत्सव मनाउन लागिएको पत्रकार सम्मेलनमा बताइएको छ। मन्दिर परिसरमा आयोजित पत्रकार सम्मेलनमा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बृजमोहन चौधरीले उक्त दिन पर्सागढी र पर्सेली जनताको लागि गौरवको दिन भएकोले विजयी महोत्सव आयोजना गर्न लागिएको बताए। १८७१ पुस १९ गते स्थानीय रञ्जीत चौधरीको कुशल युद्ध नीति र स्थानीयवासीको सक्रियतामा गोर्खाली सेनाले आधुनिक हतियारले सुसज्जित ब्रिटिश सेनामाथि ऐतिहासिक विजय हासिल गरेको थियो। सोही अवसरमा पर्सागढी महोत्सव मनाइँदै आइएको छ। त्यति बेला ब्रिटिश सेनाहरू रातिको समयमा पर्सागढी क्षेत्रमा विश्राम गरिरहेको बेला स्थानीय हातहतियार र राँगा भैंसीको सिङमा मसाल बालेर उक्त युद्ध लडिएको थियो। त्यसमा दर्जनौं ब्रिटिश सेना हताहत भएका थिए।

कार्यक्रमका प्रमुख अतिथि पर्सागढी नपाका प्रमुख गोकर्ण पाठकले विस्तारवादी सोचले अघि बढ्दै गएको ब्रिटिश सेनालाई वीर गोर्खाली सेना र पर्सागढीवासीको सहयोगमा तत्कालीन अवस्थामा परास्त गरेको र सोही अवसरलाई आफूहरूले उत्सवको रूपमा मनाउन लागेको बताए। उनले पुस १९ गते बिहान १० बजे नपाबाट झाँकीसहितको नेपाली सेना, विद्यार्थी, शिक्षक, अभिभावक, समाजसेवीलगायतको टोली पदयात्रा गरी पर्सागढी मन्दिरमा पुगी कार्यक्रम शुभारम्भ हुने बताए।



तस्वीरः प्रतीक

नेपालका तत्कालीन प्रधानमन्त्री भीमसेन थापाको सम्बन्धमा पर्सागढीलाई वीरताको रूपमा स्थानीय रञ्जीत चौधरीलाई संरक्षण गर्न दिइएको थियो। त्यही रञ्जीत चौधरीको सातौं पुस्ताको रूपमा बृजमोहन चौधरीको परिवार चिनिन्छ।

मन्दिरमा पहिले धेरै जग्गा भए तापनि अहिले जम्मा एक बिघा तीन कट्ठामा मन्दिर परिसर छ भने बाँकी जग्गा स्थानीयहरूले अतिक्रमण गरेका छन्।

# सार्वजनिकस्थलमा अनिवार्य मास्क लगाउन स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौं, ९ पुस/रासस

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक स्थलमा अनिवार्य मास्क लगाउन अनुरोध गरेको छ। मन्त्रालयले आज एक विज्ञप्ति प्रकाशित गरी छिमेकी देशमा कोरोना भाइरसको नयाँ भेरियन्ट बिएफ–७ को सङ्क्रमण बढ्दै गएको भन्दै मास्क लगाउन आग्रह गरेको हो।

यसैगरी, मन्त्रालयले भौतिक दूरीसमेत कायम गर्न पनि आग्रह गरेको छ। स्वास्थ्य मन्त्रालयका प्रवक्ता तथा डा सञ्जयकुमार ठाकुरद्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा सेनिटाइजरको प्रयोग गर्न, नियमितरूपमा साबुनपानीले हात धुनलगायत स्वास्थ्यका सबै मापदण्ड अनिवार्य पालना गर्न आग्रह गरेको छ। यसैगरी, कोभिड–१९ को बुस्टर डोज खोप लगाउन पनि अपील गरिएको छ।

अङ्ग्रेजी नयाँ वर्ष २०२३, क्रिसमसलगायत कुनै पनि भीडभाड हुने स्थलमा विशेष सतर्कता अपाउनसमेत मन्त्रालयले आग्रह गरेको छ। नेपालमा बिएफ–७ भेरियन्ट पुष्टि नभए पनि चीन र भारतमा बढ्दै गएकाले खुला सिमाना र आवतजावतका कारण जोखिम रहेको विज्ञप्तिमा उल्लेख छ।

**कोभिड–१९ जोखिम बढ्न सक्नेतर्फ सजग रहन गृहको आग्रह**

गृह मन्त्रालयले कोभिड–१९ को सङ्क्रमण नेपालमा कम भएपनि विश्वव्यापीरूपमा हेर्दा छिमेकी राष्ट्रलगायत केही देशहरूमा सङ्क्रमणका नयाँ स्वरूप (भेरिएन्ट) देखा परेकाले त्यसको जोखिम तथा असर नेपालमा पनि पर्न सक्ने अवस्थाप्रति सजग एवं सूसुचित हुन अनुरोध गरेको छ।

मन्त्रालयले जिल्लास्थित सुरक्षा समिति, स्वास्थ्य कार्यालय, स्थानीय तहलगायत सरोकारवाला निकायको समन्वयमा सार्वजनिक यातायातका साधन तथा बढी भीडभाड हुने स्थानमा मास्क तथा सेनिटाइजरको प्रयोग गर्ने व्यवस्था मिलाउन पनि आग्रह गरेको छ।

मन्त्रालयका सहसचिव तथा प्रवक्ता फणिन्द्रमणि पोखरेलद्वारा आज जारी विज्ञप्तिमा एकअर्कामा भौतिक दूरी कायम राख्ने तथा व्यक्तिगत सरसफाइलगायतमा आवश्यक स्वास्थ्य मापदण्डको पालना गर्ने व्यवस्था मिलाउन पनि अनुरोध गरेको छ।

**'कोभिड–१९ को नयाँ भेरियन्ट बिएफ–७ नेपालमा पुष्टि भएको छैन'**

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड–१९ को सङ्क्रमणको जोखिम अझै कायम रहेको अवस्थामा छिमेकी मुलुकहरूमा फैलिएको कोभिड–१९ को नयाँ भेरियन्ट बिएफ–७ हालसम्म नेपालमा पुष्टि नभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

छिमेकी राष्ट्रहरूमा उक्त भेरियन्टको सङ्क्रमण दर दिनानुदिन वृद्धि हुँदै गएको र प्रारम्भिक प्रतिवेदन अनुसार यस भेरियन्टले छोटो समयमा धेरै व्यक्तिलाई सङ्क्रमण गर्ने देखिएकाले नेपालमा पनि यसको जोखिम रहेकाले रोकथाम एवं नियन्त्रणका लागि सबै सजग एवं सचेत हुन जरुरी छ। इसाई धर्मावलम्बीको महान् पर्व क्रिस्मस तथा अङ्ग्रेजी नयाँ वर्ष २०२३ नजीकिँदै गरेको अवस्थालाई दृष्टिगत गर्दै कोभिड–१९ को सङ्क्रमणबाट बच्न र बचाउन मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, साबुनपानीले हात धुने वा सेनिटाइजर नियमित प्रयोग गर्नेलगायत जनस्वास्थ्यका मापदण्ड नियमित पालना गर्न/गराउन साथै कोभिड–१९ को अतिरिक्त मात्रा (बुस्टर डोज) लगाउन बाँकी रहेकाहरूले स्थानीय स्वास्थ्य संस्थामा सम्पर्क गरी खोप लगाउन मन्त्रालयले अपील गरेको छ।

## भन्सार घोषणा नभएका ...

प्रयोगका लागि आफ्नो साथमा ल्याएका तर एमडिएमएस प्रणालीमा दर्ता नभएका वा गएको भदौ महीनाभन्दा अघि प्रयोगमा नरहेका मोबाइल सेटहरूको १५ डिजिट नम्बरसहितको भन्सार घोषणा गरी भन्सार ऐन, २०६४ अनुसार भन्सार कार्यालयबाट प्रज्ञापनपत्र लिई प्रणालीमा अद्यावधिक गर्न प्राधिकरणले उक्त सूचनामार्फत अनुरोधसमेत गरेको छ।

नियमानुसार भन्सारमा घोषणा नभएको मोबाइल फोन सेट यही पुस १५ गतेदेखि दर्ता नगरिने र यस्ता मोबाइल सेट सञ्चालनमा समेत रोक लगाइने हुँदा व्यक्तिगत प्रयोजनका लागि ल्याइएका मोबाइल सेट प्रज्ञापनपत्रसहित राहदानी/नागरिकता/राष्ट्रिय परिचयपत्रका आधारमा मात्र एमडिएमएसमा गई दर्ता गर्न प्राधिकरणले अनुरोध गरेको छ।

नेपालभित्रै मोबाइल खरीद गर्दा पनि खरीद मोबाइल सेट नेपाल दूरसञ्चार प्राधिकरणको एमडिएमएस प्रणालीमा दर्ता भए वा नभएको यकीन गर्न सकिने हुँदा त्यस अनुसार यकीन गरेर मात्र खरीद गर्न साथै मोबाइल आयातकर्ता र विक्रेताले मोबाइल आयात गर्नुअघि अनिवार्यरूपमा प्राधिकरणको पूर्वस्वीकृति लिई प्राधिकरणमा दर्ता भएका मोबाइल मात्र बिक्री वितरण गर्न प्राधिकरणले उक्त सूचनामा उल्लेख गरेको छ।

## खीष्टमस (बडा दिन) ...

सिद्धतातर्फ अघि बढ्दै गरिन्छ।

प्रभु येशूको जन्मले स्वर्गमा परमेश्वरको इच्छा पूर्ण भए जस्तै यस पृथ्वीमा पनि उहाँको इच्छा पूर्ण हुने सम्भावना भएकोले परमेश्वरको महिमा भएको छ।

पृथ्वीमा रहेका यस्ता व्यक्तिहरू जसले येशूमा विश्वास गर्नेछन्, परमेश्वरसँग मिलाप (शान्ति)मा आउनेछन्।

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् (यूहन्ना ३:१६)।" उपरोक्त पदमा मानव जातिको लागि रहेको परमेश्वरको प्रेम र त्यसको फलस्वरूप येशूलाई यस संसारमा बलिदान हुनका लागि दिइएको कुरा उल्लेख छ। उद्देश्य के छ भने उहाँ (येशू)माथि विश्वास गर्ने कोही पनि नाश नहोस् अर्थात् नर्क जान नपरोस् तर अनन्त जीवन पाओस्। नर्क जानु भनेको परमेश्वरदेखि टाढा जानु हो। अनन्त जीवन पाउनु भनेको मृत्युमाथि विजय पाउनु हो र सधैंभरिको लागि परमेश्वरको उपस्थितिमा वा स्वर्गमा बस्नु हो। यो नै परमेश्वरसँग मिलाप हो। "यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो (२ कोरिनथी ५:१८)। यस प्रकार सृष्टिको आरम्भमा पहिलो मानिस आदमद्वारा आरम्भ भएको पाप र त्यसको फलस्वरूप व्याप्त भएको मृत्यु र अलगावको खाडल दोस्रो मानिस येशूद्वारा नष्ट गरी पापको क्षमा, पाप स्वभावलाई निर्मूल गर्न र परमेश्वरसित मिलाप या शान्ति सम्भव भएको छ।

**सारांश**

उपरोक्त पङ्क्तिहरूमा धर्मको कुरा गरिएको छैन। प्रभु येशू कुनै धर्मको प्रवर्तक हुनुहुन्न। उहाँले परमेश्वरको राज्यको प्रचार गर्नुभएको हो। आफ्नो व्यक्तिगत जीवनको पवित्रता र आश्चर्य कर्महरूद्वारा परमेश्वरको राज्य र त्यसको सामर्थ्यको प्रदर्शन गर्नुभयो। उहाँ मानव जातिको पापमोचनको लागि मानवरूप लिएर जन्म लिनुभएको र सबै पाप आफूमाथि लिएर क्रूसको मृत्यु मर्नुभएको हो। तेस्रो दिनमा बौरी उठ्नुभएको येशू अहिले प्रभुहरूका महाप्रभु र राजाहरूका महाराजाको रूपमा परमेश्वरको दाहिने बाहुलीमा विराजमान् हुनुहुन्छ। उहाँ एक दिन फेरि आउनुहुन्छ तर त्यो दोस्रो आगमन उद्धारको लागि हैन, न्यायको लागि हुनेछ। बाइबल धर्मशास्त्रमा लेखिएको, "उद्धारको समय अहिल्यै हो।" एकमात्र परमेश्वर र मानवबीचको एकमात्र उद्धारकर्ता येशूमा विश्वास गरेर मुक्ति पाउने समय अहिल्यै हो।




## धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालीन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
- धुम्रपान गर्नेहरूको सङ्गतबाट टाढा रहौं।
- धुम्रपानले तपाईं र परिवार सबैलाई असर पुऱ्याउँछ।

त्यसैले,

**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड